नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १४८ २०७७ साल पुस २५ गते शनिबार (9 Jan. 2021 Saturday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नावालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : प्रतिनिधिसभा विघटनप्रति ... ३ पृष्ठमा : कस्तो होला ... ३ पृष्ठमा : भारतमा कोरोना संक्रमितको ...

# बाह्र वर्षपछि ज्यान मार्ने उद्योगका अभियुक्त पक्राउ

# ६ महिनामा ३ सय ९७ फरार अपराधी पक्राउ परे




ज्यान मार्ने मुद्दामा १२ वर्षपछि पक्राउ परेका सप्तरीको कंचनरुप नगरपालिका ५ निवासी ३८ वर्षिय गोरिया भन्ने बिरेन्द्र मलाहालाई सार्वजनिक प्रहरी । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २४ पुस ।**

सप्तरी प्रहरीले १२ वर्षअघि ज्यान मार्ने उद्योग घटनामा संलग्न भई फरार रहेका एक अभियुक्तलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरि पक्राउ परेका सप्तरीको कंचनरुप नगरपालिका ५ निवासी ३८ वर्षिय गोरिया भन्ने बिरेन्द्र मलाहालाई सार्वजनिक गरेको हो ।

विशेष सूराकीको आधारमा खटेको प्रहरी टोलीले उनलाई गाउँमै लुकेर कसेको अवस्थामा पक्राउ गरेको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले जानकारी दिएका छन् ।

बि.स. २०६५ असोज ६ गते सोही वडाका दौलत पाण्डे र उनको आफन्तमाथी भएको ज्याान मार्ने उद्योग घटनामा सप्तरी जिल्ला अदालतबाट ५ वर्ष कैद सजाय फैसला सुनाइएपछि फरार रहेकाले मलाहालाई अदालतमा उपस्थित गराई कैद सजाय भुक्तान गर्न कारागार पठाउने तयारी भइरहेको पत्रकार सम्मेलनमा प्रहरी उपरिक्षक धमलाले बताए ।

यस्तै पत्रकार सम्मेलनमा पछिल्लो समय फरार अपराधी पक्राउ गर्न सप्तरी प्रहरीले चलाएको अभियान र मिलेको सफलता बारे बिबरण समेटिएको तथ्याङ्क पनि सार्वजनिक गरेको छ । तथ्याङ्क अनुसार साउन १ देखी पुस २४ सम्मको ६ महिने अवधीमा विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकी फरार रहेका ३ सय ९७ जना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरि अदालतमा बुझाएको छ ।

यसरी पक्राउ परेका अपराधीबाट जरिवाना वापत १० लाख ९८ हजार ३ सय २५ रुँपैया असुली भएको तथा उनीहरुको ६० वर्ष ९ महिना २२ दिन कैद भुक्तान बाँकी रहेको प्रहरी उपरिक्षक धमलाले बताए ।

यसैबीच सोही पत्रकार सम्मेलनमा प्रहरी नायब उपरिक्षक भुवनेश्वर साहले यस अवधीमा जिल्ला प्रहरी कार्यालय मातहतमा रहेको इलाका प्रहरी कार्यालय कल्याणपुर, कडोरबोना र कंचनपुरमा समेत गरि कुल ४ सय ३७ मुद्दा दर्ता भएको जानकारी दिए ।

सोही अवधीमा भन्सार छलि अवैध रुपमा भित्राइएका २ करोड १२ लाख ८२ हजार ८ सय ७४ रुँपैया मुल्य बराबरको तीन थान पिकअप, ८२ थान मोटरसाइकल, ८ थान अटोरिक्सा, ५ थान ट्र्याक्टर र दुई थान टेम्पु जफत गरि भन्सार कार्यालय बुझाइएको डिएसपी साहले जानकारी दिए ।

# दश महिनापछि कुस्तीको प्रशिक्षण शुरु हुँदै

काठमाडौं, २४ पुस (रासस) ।

बन्द भएको १० महिनापछि कुस्तीको प्रशिक्षण पुनः शुरु हुने भएको छ । कोरोना भाइरसको महामारीका कारण गत वर्ष चैतदेखि बन्द रहेको कुस्तीका राष्ट्रिय खेलाडीको प्रशिक्षण आगामी माघको पहिलो सातादेखि पुनः आरम्भ हुन लागेको हो ।

महामारीका कारण कुस्तीका खेलाडी अभ्यास गर्न नपाउँदा निष्क्रिय भएर बसेका छन् । कुस्ती खेलको गतिविधि बढाउन खेलाडीको प्रशिक्षण शुरु गर्न

*बाँकी अन्तिम पृष्ठमा*

**राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा**

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।
**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**
**राजविराज**

# नेकपा प्रचण्ड-नेपाल समुहले प्रधानमन्त्रीलाई बुझायो विरोध-पत्र



**दैनिक समाचारदाता**
**राजविराज, २४ पुस ।**

नेकपा प्रचण्ड-नेपाल समुहले प्रतिनिधीसभा विघटन विरुद्ध शुक्रवार प्रधानमन्त्री केपी शर्मा ओलीलाई विरोध पत्र बुझाएको छ ।

राजविराजस्थित शिवमन्दिरको प्राङ्गणबाट निस्केको जुलुस जिल्ला प्रशासन कार्यालयमा पुगी प्रमुख जिल्ला अधिकारी शंकरहरी आर्चायमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई विरोध पत्र बुझाएका हुन् ।

दोश्रो चरणको आन्दोलन कार्यक्रम अन्र्तगत प्रचण्ड-नेपाल समुहका जिल्ला अध्यक्ष अशोक कुमार मण्डलले प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई विरोध पत्र बुझाएका छन् ।

बुझाइएको विरोध पत्रमा प्रतिनिधी सभा विघटनको कदमलाई असंबैधानिक तथा जनविरोधी कदमको संज्ञा दिदै सो गलत कदम नसच्याए आन्दोलनको आँधीबेरी सृजना गर्ने चेतावनी समेत दिइएको छ ।

विरोध पत्र बुझाउन प्रदेश सभा सदस्य गोविन्द न्यौपाने, युवा संघ नेपालका केन्द्रिय सदस्य निरन्जन झा, प्रदेश कमिटी सदस्य महेश यादव, वडा अध्यक्ष जय नारायण मण्डल लगायत स्थानीय नेता/कार्यकर्ता जिल्ला प्रशासन कार्यालय पुगेका थिए ।



## सम्पादकीय

# स्थिर अवस्था सृजना गर्न तर्फ कदम चालौं

प्रतिनिधिसभा विघटनलाई असंबैधानिक भएको भन्दै विभिन्न दलहरु आन्दोलनरत रहेको बेला पूर्वन्यायाधिशरुहले समेत यसलाई असंबैधानिक भनेका छन् । यसरी राजनीतिक दलदेखी न्यायसम्पादन गरिसकेका व्यक्तिहरुसमेतले प्रधानमन्त्रीको कदमलाई असंबैधानिक भनेपछि राजनीतिक दललाई आन्दोलनमा थप बल मिलेको छ ।

यसरी हाल मुलुकमा देखिएको राजनीतिक अस्थिरताले सबै क्षेत्र त्राहिमाम बनेको छ । कोरोना महामारीको त्रासका कारण अहिले जनजिवन केही सामान्य बनिरहेको बेला राजनीतिक अस्थिरताले पुनः जनजिवन अस्तव्यस्त हुने हो की भन्ने चिन्ता समेत बढेको छ । मुलुकमा स्थिरता कायम राख्न सबै नागरिकदेखी दलहरुको समेत जिम्मेवारी हो । मुलुकमा देखिएको अस्थिरताले द्वन्दको अवस्थामा सृजना हुने शंका पनि उब्जिएको छ ।

तसर्थ यस्तो अवस्था आउन नदिन सबै सचेत हुनु जरुरी छ । यसका लागि सबै दल जिम्मेवार बन्नुपर्छ । अनिमात्र जनताले संघीय गणतान्त्रिक मुलुकको प्रत्याभूती महसुस गर्न सक्छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# प्रतिनिधिसभा विघटनप्रति आत्मालोचना भए राजनीतिमा नयाँ सिलसिला शुरु हुन्छ : नेता

काठमाडौँ, २४ पुस (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दाहाल-नेपाल समूहका नेता नारायणकाजी श्रेष्ठले प्रतिनिधिसभा विघटन गर्ने कदमप्रति आत्मालोचना गरी संसद्लाई नियमित गर्ने दृष्टिकोणका साथ अघि बढ्ने प्रयास भएमा राजनीतिमा नयाँ सिलसिला शुरु हुने बताउनुभएको छ । राष्ट्रियसभाको शुक्रबारको बैठकको विशेष समयमा उहाँले भन्नुभयो, “अहिले पनि अवसर छ, म विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु, त्यो असंवैधानिक घोषणाप्रति आत्मालोचना गर्दै प्रतिनिधिसभा पुनःसंरचना होस् भन्ने दिशातर्फ प्रधानमन्त्री आउनुभयो भने नयाँ सिलसिला शुरु हुन्छ ।”

प्रतिनिधिसभा विघटनको कदम फिर्ता लिए संविधान पनि ‘ट्र्याक’मा रहने तथा लोकतन्त्रको रक्षा हुने मात्र नभई एकीकृत कम्युनिष्ट आन्दोलन र पार्टी एकतालाई अगाडि बढाउने सम्भावना रहेको उहाँले बताउनुभयो । उहाँले लोकतन्त्रको विकास गरी समृद्ध नेपाल बनाउँदै राजनीतिलाई सफा बनाएर विचार, सिद्धान्त, मूल्यमान्यताका आधारमा अगाडि बढाउनुपर्ने औँल्याउनुभयो ।

पुर्खाको सपना साकार गर्न र जनताको अधिकार स्थापित गर्नका विगतमा सङ्घर्ष गर्नुपरेको घटना स्मरण गर्दै नेता श्रेष्ठले लोकतन्त्रको विकास, संविधानका कमजोरी सुधार, सामाजिक-आर्थिक रुपान्तरणका साथ शिक्षा, स्वास्थ्य, रोजगारलगायत सबै मौलिक हकको प्रत्याभूति गरेर जनतालाई परिवर्तनको अनूभूति गराउने दिशामा अगाडि बढ्न पनि आग्रह गर्नुभयो ।

संविधानले वर्तमान अवस्थामा प्रतिनिसभा विघटनको कल्पना नगरेको तथा कुनै धारामा पनि विघटन प्रधानमन्त्रीको विशेषाधिकार नरहेको जिकिर गर्दै उहाँले भन्नुभयो, “संविधानको धारा ७६ ले प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्ने अधिकार दिएको छैन । प्रतिनिधिसभाबाट नयाँ सरकार बन्न सकेन भने मात्र विघटन हुने परिकल्पना संविधानले गरेको छ । विघटन गर्ने सरकारको कदम संविधान विपरीत छ ।”

संविधानमा मुख्यतः चार विकल्पबाट सरकार बन्ने अवस्था नदेखिए मात्र प्रतिनिधिसभा विघटन गर्ने व्यवस्था रहेको प्रष्टयाउँदै उहाँले सरकार नबन्ने वा सरकार बन्ने विकल्पअन्तर्गत बनेको सरकारले विश्वासको मत लिन नसके मात्र विघटन हुन सक्ने बताउनुभयो । प्रतिनिधिसभा विघटनले जनताको अधिकारलाई खोस्ने आशङ्का पैदा गरेको जनाउँदै उहाँले सरकारको कदमबाट जनताको भावनामा कालो बादल देखापरेको टिप्पणी गर्नुभयो ।

आदिवासी, जनजाति, महिला, दलित, अल्पसङ्ख्यक समुदाय र आमशोषित पीडित जनतालाई खुशी बनाउन समृद्ध नेपाल बनाउने काम गर्न छाडेर फेरि सङ्घर्षकै लागि जनताले बलिदान दिएको हो त भन्ने प्रश्न गर्दै उहाँले भन्नुभयो, “त्यसैले पुर्खालाई स्मरण गरौँ, शहीदलाई स्मरण गरौँ । हामी सबैले आत्मालोचना गरौँ ।”

उहाँले प्रधानमन्त्रीको इच्छाका भरमा प्रतिनिधिसभा विघटन गरेर मुलुकमा बारम्बार अस्थिरता पैदा भएको विगतलाई सदाका निम्ति अन्त्य गर्न नै संविधान निर्माण गर्दाको बखत राष्ट्रिय राजनीतिक सहमति खोजेर प्रधानमन्त्रीको प्रतिनिधिसभा विघटनको विशेषाधिकार खोसिएको बताउनुभयो । “संविधानविद्, कानूनका विद्यार्थी, संविधान पढ्ने सबैलाई थाहा छ, प्रधानमन्त्रीलाई संसद् विघटनको अधिकार छैन । संविधानमा हुँदै नभएको व्यवस्थाको हवाला दिँदै संसद् विघटन गरियो”, उहाँले भन्नुभयो । पूर्वप्रधानन्याधीश, न्यायाधीश, पूर्वमहान्यायाधिवक्तालगायत सबैले प्रधानमन्त्रीको कदम असंवैधानिक भएको बताइरहँदा राजनीतिक बाध्यता देखाएर कसैले पनि संविधान उल्लङ्घन गर्न नपाइने उहाँको भनाइ थियो ।

पार्टीलाई विधि र पद्धतिमा सञ्चालन गर्न तथा सक्रिय बनाउन एवं सरकारलाई जनमुखी बनाएर जनताका पक्षमा काम गर्न पार्टीभित्र बहस भएको उल्लेख गर्दै उहाँले राजनीतिक दलको आन्तरिक सङ्घर्षका कारण प्रतिनिधिसभा विघटन गर्नु जनमतमाथिको अपमान भएको टिप्पणी गर्नुभयो । “पार्टी एकता, संविधान, लोकतन्त्र, पार्टी विधान र संविधान सबै पदका निम्ति आफूअनुकूल व्याख्या गर्न पाइँदैन, आफ्नो पदको सुरक्षा नहुने भयो भने पार्टी एकता भङ्ग, पार्टी विधान र संविधान मान्दिन भन्न मिल्छ ?”, उहाँले प्रश्न गर्नुभयो ।

**अदालतलाई संविधान संशोधन गर्ने अधिकार नदिइएको जिकिर**

संविधानमा रहेको व्यवस्था, विधायिकाको भावना र प्रावधान हेरेर सर्वोच्च अदालतले फैसला गर्नेमा विश्वस्त रहँदै उहाँले अदालतलाई संविधान संशोधन गर्ने नभई व्याख्या गर्ने अधिकार मात्र रहेको बताउनुभयो । “एउटा कुरा प्रष्ट छ, सर्वोच्च अदालतले पनि संविधानकै आधारमा टेकेर फैसला गर्ने हो, संविधान बाहिर गएर हैन, सर्वोच्च अदालतलाई हाम्रो संविधानले संविधान संशोधन गर्ने अधिकार दिएको छैन, संविधानअनुसार मात्र फैसला गर्ने अधिकार दिएको छ”, उहाँले भन्नुभयो, “संविधानमा हुँदै नभएको प्रावधान कसैले प्रयोग गर्ने र त्यसलाई अनुमोदन गर्ने फैसला सर्वोच्च अदालतले गर्‍यो भने यो संविधान कागजको खोस्टोमा परिणत हुन्छ । त्यो कुरा सत्य हुन सक्दैन । त्यसैले सर्वोच्चले संविधानसम्मत ढङ्गले फैसला गर्नुपर्छ ।”

# शान्तिपूर्णरुपमा प्रदर्शन गर्न पाउने हकको सम्मान गर्न आग्रह

काठमाडौँ, २४ पुस (रासस) ।

राष्ट्रिय मानव अधिकार आयोगले शान्तिपूर्णरुपमा भेला हुने, प्रदर्शन गर्न पाउने हकको सम्मान गर्न आग्रह गरेको छ ।

शान्तिपूर्णरुपमा प्रदर्शन गर्न पाउने हकको सम्मान गर्न आग्रह गर्दै आयोगको वाग्मती प्रदेश कार्यालयले काठमाडौँ र ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी क्रमशः कालीप्रसाद पराजुली र ढुण्डिप्रसाद निरौला तथा दुवै जिल्लाका सुरक्षा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक अशोक सिंह र किरण बज्राचार्यसँग छलफल गरेको छ ।

सर्वोच्च अदालतमा विचाराधीन रहेको प्रतिनिधिसभा विघटनसम्बन्धी सरकारको निर्णयको पक्ष र विपक्षमा भइरहेको प्रदर्शन, प्रदर्शनका क्रममा न्यूनतम बल प्रयोगका सिद्धान्तको पालना गर्दै आवश्यकताभन्दा बढी बल प्रयोग गर्ने स्थिति सिर्जना हुन नदिन आयोगको वाग्मती प्रदेश कार्यालयले काठमाडौँ दुई जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखसँग छलफल गरेको हो ।

सहसचिव यज्ञप्रसाद अधिकारीका अनुसार सम्भावित जनधनको क्षतिलाई रोक्न, नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रता एवं शान्तिपूर्णरूपमा प्रदर्शन गर्न र भेला हुन पाउने अधिकारको सम्मान गर्ने विषयमा छलफल भएको छ । विरोधका

*बाँकी अन्तिम पृष्ठमा*

हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

महत्वपूर्ण सवाल :

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# कस्तो होला सन् २०२१ ?

काठमाडौँ, २४ पुस (रासस)।

कोरोना महामारीबाट गुज्रिदै सन् २०२० लाई विदाई गरिएसँगै सन् २०२१ कस्तो होला भन्ने कौतुहलता धेरैमा देखिएको छ। अधिकांशले नयाँ बर्षको स्वागत र शुभकामनाका क्रममा पनि सन् २०२१ सन् २०२० को जस्तो नहोस भन्ने अपेक्षा व्यक्त गरेका छन्। जनअपेक्षा र अवितव्य हुने हुने ना एउटा पाटो हो भने नियमित र संभावित अवस्था अर्को पाटो हो। धेरै कार्यक्रमहरुमा विद्युतीय माध्यमहरुको प्रयोगलाई प्राथमिकता दिइने भएको छ। केही अनुमान गर्न सकिने नियमित र संभावित घटनाहरुको यहाँ चर्चा गरिएको छ।

**अमेरिकी प्रशासनबाट ट्रम्पको विदाई र वाइडेनको प्रवेश :**

सन् २०२१ सुरुको ठूलो घटनाको रुपमा अमेरिकी प्रशासनमा हुने परिवर्तनलाई लिन सकिन्छ। यही जनवरी २० तारिखमा अमेरिकी प्रशासनबाट राष्ट्रपति ट्रम्पको विदाइ हुने छ भने नव निर्वाचित राष्ट्रपति जो वाइडेनको प्रवेश हुनेछ। असामान्य र अस्वभाविक तरिकाले चलिरहेको अमेरिकी प्रशासन नयाँ नेतृत्व आएसँगै पूर्ववत अवस्थामा फर्किने प्रतिक्षा धेरैले गरेका छन्। यही जनवरी ६ तारिखमा अमेरिकी संसदमा ट्रम्पका समर्थकले गरेको हिंसात्मक प्रदर्शन अमेरिकी राजनीतिमा कालो धब्बाका रुपमा रहने भएको छ। नयाँ बर्षको पहिलो हप्ताबाटै नमिठो राजनीतिक तथा हिंसात्मक घटनाक्रम सुरुवात भएको छ।

**कोरोना न्युनिकरण हुने अपेक्षा :**सन् २०२० मा सबैभन्दा ठूलो समस्याको रुपमा रहेको कोरोना महामारी सन् २०२१ मा भने कम हुने अपेक्षा र प्रार्थना धेरैले गरेका छन्। सबै क्षेत्रलाई तहसनहस पारेको यो महामारी न्युनिकरणका लागि विभिन्न खोपहरु विकास हुने क्रम चलिरहेकोले यस बर्ष सबैलाई खोपको उपलब्धता हुने सुखद समाचारको प्रतिक्षा भइरहेको छ। कतिपय देशहरुमा अहिले लगाउन थालिएको खोप आपतकालिन अवस्थामा मात्रै प्रयोग गर्न सिफारिस गरिएको खोप भएकाले सामान्य अवस्थामा पनि सबैले लगाउन मिल्ने खोप आउने विश्वास गरिएको छ। कोरोनाभाइरसको सङ्क्रमण पूर्ण रुपमा अन्त्य हुने नदेखिएकाले न्युनिकरणमा नै चित्त बुझाउन पाइने अपेक्षा गरिएको छ।

**पूर्व निर्धारित प्रतियोगिता तथा प्रदर्शनी हुने**

सन् २०२० मा हुने तय भएका धेरै खेलकुद प्रतियोगिताहरु कोरोना महामारीका कारण भएनन। तर अहिले महामारी न्युनिकरण हुँदै जाने संभावना देखिएकाले गत बर्ष हुन नसकेका खेलकुँद प्रतियोगिताहरु यस बर्ष हुने संभावना रहेको छ। कतिपय आयोजकहरुले गत बर्षको कार्यक्रमलाई यस बर्ष संचालन गर्ने गृहकार्य पनि गरिरहेका छन्। विषेश गरेर जापानमा हुने तय भएको गृष्मकालीन ओलम्पिक प्रतियोगिता कोरोनाकै कारण सरेकाले तयारी भने उनीहरुले जारी राखेका छन्। विश्वको सबैभन्दा पुरानो अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता जुन ११ देखि जुलाई ११ मा आयोजना हुँदै छ सन् २०२० बाट सरेको यो प्रतियोगिता युइएफए युरोपियन च्याम्पियनसिप सँगसँगै आयोजना हुनु फुटबल फ्यानका लागि खुसीको खबर हो। महिला युरोपियन च्याम्पियनसिप भने सन् २०२२ मा आयोजना गर्ने तय गरिएको छ। सन् २०२१ मा विभिन्न फिल्म फेस्टिभलहरुको पनि तयारी भइरहेको छ। ती फेस्टिभलहरुमा सयौं फिल्मकर्मीहरु सहभागी हुनेछन्।

**विश्व नेताहरुको जमघट हुने**

विश्व नेताहरु सहभागी हुने धेरै कार्यक्रम पनि गत वर्ष स्थगित भए। ती कार्यक्रमहरु यस बर्ष हुने संभावना रहेको छ। संयुक्त राष्ट्रसंघको महासभा गत बर्ष भर्चुअल माध्यमबाट सञ्चालन गरिएपनि यस बर्ष नेताहरुको उपस्थितिमै हुने अपेक्षा गर्न सकिन्छ। सिंगापुरको डाभोसमा हुने विश्व आर्थिक सम्मेलन मे १३ देखि १६ सम्म हुने भएको छ। विश्वभरी महामारी फैलिएकाले मे १८ देखि १९ सम्म हुने विश्व स्वास्थ्य सम्मेलनलाई पनि महत्वका साथ हेरिएको छ। त्यस बाहेक जी ८, जी २० लगायतका धेरै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरु पनि यस बर्ष हुने देखिएको छ। धेरै सम्मेलन तथा कार्यक्रमहरु दिर्घकालिन महत्वका भएर पनि अघिल्लो बर्ष हुन नसकेकाले यस बर्ष गर्ने तयारीमा आयोजकहरु लागेका छन्।

**बेलायती प्रधानमन्त्री भारत आउने**

बेलायतका प्रधानमन्त्री बोरिस जोनसोन यस बर्ष भारत भ्रमणमा आउने तय भएको छ। जनवरी २६ तारिखमा मनाइने भारतको गणतन्त्र दिवसका अवसरमा प्रमुख अतिथिका रुपमा उहाँको भ्रमण हुने भएको हो। भ्रमणका क्रममा उहाँले भारतीय उच्च अधिकारीहरुसँग व्यापार, सुरक्षा, जलवायु परिवर्तन, अन्तर्राष्ट्रिय चासोलगायतका विषयमा पनि छलफल गर्नुहुने भएको छ।

**चिनियाँ कम्युनिष्ट पार्टीको सतबार्षिकी**

चिनियाँ कम्युनिष्ट पार्टी स्थापना भएको एक सय वर्ष पुगेको छ। सतबार्षिकीलाई चिनियाँ कम्युनिष्ट पार्टीले भव्यरुपमा मनाउने र कोरोनापछिको प्रगति पनि विश्वलाई देखाउनेगरी अवसरको रुपमा १००औं स्थापना दिवसलाई उपयोग गर्ने भएको छ। जुलाई १ मा स्थापना दिवसका अवसरमा गरिवी अन्त्यको घोषणा गर्ने तयारी पनि चीनले गरेको छ। तर कोरोनाका कारण लक्ष्य पूरा हुन बाधा पुगेको पनि हुनसक्छ। त्यो भने अझै स्पष्ट भइसकेको छैन।

**राजकुमारी डायनाको ६०औँ जन्मोत्सव**

बेलायती राजकुमारी डायनाको ६० औँ जन्मोत्सव यसै बर्ष मनाइने भएको छ। जन्मोत्सवालाई विषेश बनाउन उहाँका छोराहरू राजकुमार विलियम र ह्यारीले संयुक्त रुपमा आफ्नी आमाको सम्मानमा सालिक अनावरण गर्नुहुने भएको छ। उहाँहरु हुर्किएको सन्केन गार्डेनमा डायनाको सालिक बनाइएको छ। राजकुमार विलियम लन्डन र ह्यारी लसएन्जल्समा बस्ने गरेको भएपनि उहाँहरु आमाको सालिक अनावरणका लागि सन्केन गार्डेनमा जाने विषयलाई पनि महत्वका साथ हेरिएको छ।

माथी उल्लेखित बाहेक यसैबर्ष धेरै देशमा निर्वाचन हुदै नयाँ सरकार बन्ने भएका छन् भने दुई पक्षिय विवाद र शान्ति स्थापनाका प्रयासहरुले पनि निरन्तरता पाउने देखिएको छ। त्यस्तै हरेक बर्ष विभिन्न ठाउँमा हुने दुखद् ठूला घटनाहरुका बारेमा भने पुर्वानुमान गर्न नसकिएपनि त्यस्ता घटनाहरु नहोलान भन्न सकिदैन।

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**

# विश्व समाचार

## भारतमा कोरोना संक्रमितको संख्या एक करोड चार लाख भन्दा बढी

नयाँदिल्ली, २४ पुस (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या शुक्रबारसम्म एक करोड चार लाख १३ हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा १८ हजार ३४६ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड चार लाख १३ हजार ४१७ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शुक्रबार बिहान जनाएको छ।

गत २४ मा भारतमा कोरोना सङ्क्रमणको कारण २३४ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५० हजार ५७० जना पुगेको छ। मन्त्रालयको पछिल्लो विवरणमा एक करोड १६ हजार ८५९ व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा दुई लाख २५ हजार ४४९ सक्रिय सङ्क्रमित रहेका छन्।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा बिहीबार ४८६ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र १९ जनाको मृत्यु भएको छ। भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ६४४ भन्दा बढीको मृत्यु भइसकेको छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले आइतबारसम्म देशभर १७ करोड ९३ लाख ३६ को हाराहारीमा नमूना परीक्षण गरेको छ। हिजो बिहीबार एक दिनमा नौ लाख ३५ हजार ३६९ जनाको कोभिड-१९ परीक्षण गरेको छ।

## बेलायती अस्पतालमा शैया अभाव

लन्डन, २४ पुस (रासस/एएफपी)।

कोरोनाभाइरस सङ्क्रमणका घटनामा बृद्धि भएको कारण बिहीबार इङ्ल्याण्डका अस्पताल प्रमुखहरूले शैया व्यवस्थानमा कठिनाई भएको बताएका छन्।

स्वास्थ्य सेवा प्रदायक तथा चिकित्सकहरूले अपेक्षाकृत सकारात्मक सुधार देखिँदा पनि लन्डनका अस्पतालहरू दुई हप्ताभित्रमा क्षमताभन्दा बढी विरामी हेर्नुपर्ने अवस्था पुग्ने प्रशासनलाई बताएका एक गोप्य स्रोतले एएफपीलाई बताएको छ।

बेलायतमा बुधबार ६२ हजारभन्दा बढी व्यक्तिमा कोभिड-१९ भएको उल्लेख गरिएको छ। दक्षिणपूर्वी इङ्ल्याण्डमा कोभिड सङ्क्रमितको सङ्ख्यामा नाटकीय वृद्धि देखिएको छ। यो क्षेत्रमा हालैका साताहरूमा नयाँ प्रकारको कोभिड-१९ का जिबाणु पाइएको बताइएको थियो।

बेलायतका अस्पतालमा भर्ना भई उपचार गराइरहेका कोभिड-१९ सङ्क्रमितको सङ्ख्या ३० हजारभन्दा बढी पुगेको छ। यो पहिलो चरणको सङ्क्रमणका समयमा भन्दा बढी हो।

इङ्ल्यान्डका अस्पतालहरूको प्रतिनिधित्व गर्ने एनएचएस प्रमुखले भन्नुभयो,"तीव्र वृद्धिले अस्पतालका उपचाररत केही विरामीहरूलाई नर्सिंग होम वा केयर होममा केही थप शैया व्यवस्थापन गरी सार्न बाध्य तुल्याएको अस्पताल सञ्चालकहरूले बताएका छन्।

क्रिस होपप्सनले बीबीसी रेडियोसँग भन्नुभयो, "हामीले विगत एक हप्तामा इङ्ल्याण्डमा मात्र पाँच हजार नयाँ विरामीलाई भर्ना गरेका छौँ। यो कोभिड-१९ का विरामीका लागि छुट्ट्याइएका शैयाभन्दा १० गुणा हो। साँच्चै यो निकै चुनौतीको विषय हो।"

चिकित्सकहरूले कोभिड-१९ को बढ्दो क्रमसँगै सङ्क्रमण नियन्त्रणका उपायलाई कडाइका साथ अपनाउन वा पालना गर्न आग्रह गरेका छन्।

## टोकियो क्षेत्रमा संकटकाल घोषणा

टोकियो, २४ पुस (रासस/एएफपी)।

कोरोनाभाइरसको महामारी थप फैलिदै गएपछि जापानको राजधानी टोकियोमा सङ्कटकाल घोषणा गरिएको छ।

जापान सरकारले बिहीबार एक महिना लामो सङ्कटकाल घोषणा गरेको अधिकारीहरूले जानकारी दिएका छन्।

प्रधानमन्त्री योशिहिडा सुगाले सङ्कटको उच्चतम अवस्थामा पुग्न लागेकाले उच्च सतर्कता अपनाउनका लागि सङ्कटकाल लगाउनु परेको बताउनुभयो।

अहिले टोकियो क्षेत्रमा घोषणा गरिएको सङ्कटकाल शुक्रबारदेखि लागु हुने पनि जनाइएको छ। सङ्कटकाल अन्तर्गत रेस्टुरेन्ट र बारहरूमा दैनिक बेलुका ७ बजेपछि मादक पदार्थ विक्री वितरणमा रोक लगाइएको छ भने त्यसको एक घण्टापछि सेवालाई बन्द गर्न भनिएको छ। यो व्यवस्था अर्को सूचना जारी नहुँदासम्म लागु हुने अधिकारीहरूले बताएका छन्।

प्रधानमन्त्री सुगाले बार तथा रेस्टुरेन्टमा नजान युवाहरूलाई विषेश अनुरोध गर्नुभएको छ। टेकियोमा सङ्क्रमित भएकाहरूको उमेर अवस्था हेर्दा आधाभन्दा बढी तीन दशकभन्दा कम उमेरका भएको पाइएकाले पनि प्रधानमन्त्री सुगाले युवाहरूलाई विषेश आग्रह गर्नुभएको हो।

"सरकारको आग्रहलाई कृपया पालना गरिदिनु होला, तपाईसँगै तपाईको बुवा आमा, हजुर बुवा हजुर आमा र साथीहरूको जीवन जोगाउनका लागि पनि यो आवश्यक छ," उहाँले भन्नुभयो।

सरकारले टोकियोमा सकेसम्म क्रेताले फोनबाट माग गर्ने र विक्रेताले उनीहरूले माग गरेको ठाउँमा पुऱ्याइदिने व्यवस्था हुनेगरी मात्रै व्यापार व्यवसाय संचालन गर्न आग्रह गरेको छ।

जापानको राजधानी टोकियोमा दैनिक थप सङ्क्रमितको संख्या बढ्दै जाने क्रममा बिहीबार दुई हजार ४४८ जना थपिएका छन। देशभरी सात हजार ४९० जना सङ्क्रमित थपिएको पनि अधिकारीहरूले जनाएका छन्।

जापानमा कारोनाभाइरसबाट सङ्क्रमित भएका मध्ये अहिलेसम्म तीन हजार सात सय भन्दा बढीको मृत्यु भएको छ।

# धानको समर्थन मूल्यले किसान लाभान्वित

विराटनगर, २४ पुस (रासस)।

सरकारले धानको समर्थन मूल्य निर्धारण गरेपछि किसानले अपेक्षित लाभ लिन थालेका छन्। सरकारले समर्थन मूल्यसहित खाद्य व्यवस्था कार्यालयमार्फत धान खरिद गरिरहेको छ।

विगतमा किसानले उत्पादन गरेको धानको बजारको समस्या थियो भने किसानले बाध्य भएर कम मूल्यमा व्यापारीलाई धान बेच्नुपर्ने अवस्था थियो। सरकारले किसानको धान २०७४ सालबाट खरिद गर्न लागेकोले देशको ठूलो हिस्सामा रहेका किसान लाभान्वित भइरहेका छन्।

विराटनगर महानगर पालिकास्थितका खाद्य व्यवस्था कार्यालयले अहिलेसम्ममा १५ हजार क्विन्टल सोना मन्सुली धान खरिद गरिसकेको छ। अघिल्लो वर्ष ५४६ क्विन्टल मात्र धान खरिद गरेको सो कार्यालयले गएको वर्ष नौ हजार ३०० क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको थियो। कार्यालय शहर केन्द्रित भएको र किसानलाई शहरसम्म आउन समस्या भएकाले गएको वर्ष अपेक्षित धान खरिद नभएको बताइएको छ।

खाद्य व्यवस्था कार्यालय विराटनगरका प्रमुख महेन्द्र सिटौलाका अनुसार सरकारले यस वर्ष धानको मूल्य प्रतिक्विन्टल रु दुई हजार ८८५ निर्धारण गरेको छ। यसबाट बजार नपाउने किसानका लागि खाद्य व्यवस्था कार्यालय वरदान भएको प्रमुख सिटौलाले जानकारी दिनुभयो।

रञ्जीत र बासमती धानसमेत खरिद गर्ने यो कार्यालयमा अहिलेसम्ममा ती जातका धान किसानले नल्याएको र पछि आउने सम्भावना पनि रहेको प्रमुख सिटौलाले बताउनुभयो। यस्तै झापाको विर्तामोडस्थित रहेको खाद्य व्यवस्था कार्यालयले अहिलेसम्ममा नौ हजार ६१८ क्विन्टल सोना मन्सुली धान खरिद गरिसकेको छ।

यस वर्ष २३ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको कार्यालयले सरकारको समर्थन मूल्यमै किसानको धान खरिद गरिरहेको कार्यालय प्रमुख देवेन्द्र राईले बताउनुभयो। उहाँले गएको वर्षमा सरकारले सोना मन्सुली धानको मूल्य रु दुई हजार ६७३ कायम गरेको थियो। गएको वर्षमा १९ हजार क्विन्टल सोना मन्सुली र पाँच हजार क्विन्टल रञ्जीत धान खरिद गरेको थियो।

कार्यालय प्रमुख राईका अनुसार यस वर्ष बासमती धानको उत्पादन कम भएको र सम्पन्न अवस्थाका उपभोक्ता एवं व्यापारीले किसानको खेतमै गएर धान खरिद गर्ने र मूल्य पनि बढी दिने भएकाले बासमती धान अहिलेसम्ममा नआएको जानकारी दिनुभयो।

खाद्य व्यवस्था कार्यालयले जिल्लाका सबै स्थानीय तहमा सूचना जारी गरिसकेकाले अब किसानले धानको बजार पाएनन् भन्ने अवस्था अन्त्य भएको र कुनै पनि बिचौलियाले अनुचित लाभ नलिउन भन्ने उद्देश्यले जिल्ला प्राथमिक खरिद समितिको संयोजक प्रमुख जिल्ला अधिकारी, कृषि ज्ञान केन्द्र, किसान प्रतिनिधि र खाद्य व्यवस्था कार्यालयका प्रमुख सदस्य सचिव रहने समितिको अनुगमन एवं निर्णयले वास्तविक किसान मात्र लाभान्वित भइरहेको प्रमुख राईले बताउनुभयो। प्रदेश नं १ झापाको विर्तामोड र मोरङको विराटनगरमा खाद्य व्यवस्था कार्यालय स्थापना भएको छ।

## *शान्तिपूर्णरुपमा ...*

कार्यक्रमबाट उत्पन्न परिस्थितिबाट मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा पर्नसक्ने गम्भीर असरप्रति आयोगको ध्यानाकर्षण भएको जनाइएको छ।

आयोगको प्रदेश कार्यालयबाट विरोध र प्रदर्शनको नजिकबाट अनुगमन भइरहेको बताइएको छ। प्रतिनिधिसभा विघटनको विषयलाई लिएर विभिन्न राजनीतिक दल, समूह तथा नागरिक समाजले देशव्यापीरूपमा थप विरोधका कार्यक्रम तथा प्रदर्शन गर्ने जानकारी प्राप्त हुन आएको आयोगले जनाएको छ।

आयोगका सचिव वेदप्रसाद भट्टराईले नागरिकको संवैधानिक हकको उपभोग गर्न प्रहरी, प्रशासनले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने तथा प्रदर्शनकारीलाई पनि संयमता अपनाई आफ्ना विमति शान्तिपूर्णरुपमा प्रकट गर्न आग्रह गर्नुभयो।

काठमाडौँका प्रमुख जिल्ला अधिकारी पराजुलीले स्थानीय प्रशासनले नागरिकको अधिकार तथा जनधनको सुरक्षाका लागि संवेदनशील रहेको बताउँदै प्रदर्शनकारीलाई संयमित भई प्रदर्शन गर्न आग्रह गर्नुभयो।

ललितपुरका प्रमुख जिल्ला अधिकारी निरौलाले शान्तिसुरक्षा, लोकतन्त्र र मानवअधिकार संरक्षणको विषयलाई प्रशासनले सदैव प्राथमिकतामा राखेको र नेपाल प्रहरी जनताको जीउ धनको रक्षा र मानव अधिकारको सम्मान गर्न सदैव तत्पर रहेको बताउनुभयो।

# राष्ट्र बैंकको आरटिजीएस प्रणालीमा थप १० वित्तिय संस्था

काठमाडौँ, २४ पुस (रासस)।

नेपाल राष्ट्र बैंकको 'वास्तविक समयमा रकमान्तर गर्ने स्वचालित विद्युतीय भुक्तानी प्रणाली' (आरटिजीएस) मा शुक्रबारदेखि थप आठ विकास बैंक र दुई वित्त कम्पनी प्रत्यक्षरुपमा आबद्ध भएका छन्। यसअघि सो प्रणालीमा २७ वाणिज्य बैंक मात्र आबद्ध थिए।

आरटिजीएस प्रणालीमा ज्योति विकास बैंक, महालक्ष्मी विकास बैंक मुक्तिनाथ विकास बैंक, कामना सेवा विकास बैंक, गरिमा विकास बैंक, साङ्ग्रिला डेभलपमेण्ट बैंक, साइन रेसुङ्गा डेभलपमेण्ट बैंक र लुम्बिनी विकास बैंक प्रत्यक्षरुपमा आबद्ध भएका छन्। यसैगरी सो प्रणालीमा आइसिएफसी फाइनान्स लिमिटेड र मञ्जुश्री फाइनान्स लिमिटेड पनि प्रत्यक्षरुपमा आबद्ध भई कारोवार गर्न लागेको राष्ट्र बैंकले जनाएको छ।

## *दश महिनापछि ...*

लागिएको नेपाल कुस्ती सङ्घका महासचिव विद्यासागर पोखरेलले जानकारी दिनुभयो। "कुस्तीमा सामाजिक दूरी कायम गर्न सहज नहुँदा अन्य खेलको भन्दा प्रशिक्षण ढिला शुरु हुन लागेको हो", उहाँले भन्नुभयो।

स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाएर नै खेलाडीलाई प्रशिक्षण दिइने पोखरेलले बताउनुभयो। कुस्तीमा नेपालले १३औँ दक्षिण एशियाली खेलकूद (साग)मा महिलातर्फ एउटा मात्र स्वर्ण पदक जितेको थियो। नेपालका लागि सो पदक सङ्गीता धामीले जित्नुभएको हो।

# चार पूर्व न्यायाधीशले संसद विघटनलाई असंवैधानिक भने

**दैनिक समाचारदाता**
**काठमाडौं, २४ पुस।**

प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको प्रतिनिधिसभा विघटनलाई चार पूर्व न्यायाधीशले असंवैधानिक भनेका छन्।

मीनबहादुर रायमाझी, अनूपराज शर्मा, कल्याण श्रेष्ठ र सुशीला कार्कीले संयुक्त बक्तव्य जारी गर्दै आकर्षित नहुने धारणा प्रयोग गरेर संसद भंग गरिएको बताएका हुन्।

संविधानको धारा ७६ ले मन्त्रिपरिषद् गठन गर्ने सिलसिलामा वा सो प्रयोजन बाहेक अर्को अवस्थामा संसद विघटन गर्ने अधिकार नदिएको भन्दै उनीहरुले भनेका छन्, 'दलहरुको आन्तरिक द्वन्द्व वा खिचलो जस्ता कुनै परिस्थितिले जुन प्रयोजनका लागि जे कुरा गर्न व्यवस्था गरिएको छ, सो बाहेकको कार्यमा उक्त धारा आकर्षित हुन सक्दैन।'

अनलाइन खबरबाट


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*